# उच्च अदालत पोखरा, बागलुङ इजलास

बागलुङ

☎ ०६८-५२०२४५
Email: info.hcibaglung@supremecourt.gov.np
admin.hcibaglung@supremecourt.gov.np
website: www.supremecourt.gov.np/court/baglunghc


पत्र संख्याः०७७/७८
चलानी नं.

**सूचना** !  **सूचना** !!  **सूचना** !!!

<u>२०७८।०१।१४ मा</u>

हाल संक्रमणको रुपमा देशमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) बागलुङ जिल्लामासमेत व्यापक रुपमा फैलिइदै गइरहेको हुँदा अदालतका सेवा प्रवाह गर्ने काममा समेत अफठ्यारो परिस्थिति सृजना हुन सक्ने संभावनालाई ध्यानमा राखि कोरोना भाइरसबाट सुरक्षित रहन देहाय बमोजिमको स्वास्थ्य सम्बन्धी सुरक्षा मापदण्ड अपनाई सेवा प्रवाह गर्ने भन्ने मिति २०७८।१।१३ मा यस अदालतमा बार बेञ्च र सरकारी वकीलसमेतको बैठकबाट निर्णय भएको हुँदा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>देहायः-</u>

१. स्वास्थ्य सुरक्षाका आधारभुत मापदण्ड अनुरुप अदालत प्रवेशद्वारमा अदालतका कर्मचारी, सेवाग्राहीसमेत अदालत प्रवेश गर्दा थर्मल गन, हातधुने साबुन पानी र सेनिटाइजरको व्यवस्था गर्ने गराउने साथै अदालत भित्र प्रवेश गर्ने सेवाग्राही समेतलाई अनिवार्य रुपमा माक्स लगाउने तथा सामाजिक दुरी कामय गर्ने सम्बन्धमा व्यवस्था मिलाउने र यस सम्बन्धी आवश्यक सूचना संप्रेषण गर्ने ।

२. सेवाग्राहीको भिडभाडलाई कम गर्न आवश्यक भन्दा बढी व्यक्तिलाई प्रवेश गर्न नदिने साथै अदालत प्रवेश गरेका सेवाग्राहीहरुलाई प्रतिक्षालयमा निश्चित स्थानमा संकेत सहितको घेरा बनाई सामाजिक दुरी कायम राखी पालो मिलाई सेवा प्रवाह गर्ने ।

३. कोरोनाको भाइरसको संक्रमण बढ्दै गएको अवस्थामा स्वास्थ्य सुरक्षा समेतलाई ध्यानमा राखी मुद्दाहरुको दर्ता, कारवाही र सुनुवाईको व्यवस्था मिलाउने ।

४. कोरोना भाइरसको महामारीको थप व्यवस्थापन गर्नु पर्ने भएमा वा सम्मानित सर्वोच्च अदालतबाट सो सम्बन्धी निर्देशन प्राप्त भएमा मुद्दाहरुको सुनुवाई व्यवस्थापनसमेतको लागि बार एशोसियसन र सरकारी वकिल समेतसँग बसी पुनः छलफल गर्ने ।

७८/१/१४
.............................
मोहन सुवेदी
रजिष्ट्रार